# फोहोरमैला व्यवस्थापन डयासबोर्ड

# Waste Management Dashboard

चन्द्रपुर नगरपालिका र छायाँ-या नेपालको सहकार्यमा सञ्चालित "फोहोर प्रशोधन केन्द्र (**Resource Recovery Center)"** परियोजना, शहरीकरणसँगै बढ्दै गएको ठोस फोहोर व्यवस्थापनको जटिल चुनौतीलाई समाधान गर्ने एक महत्वपूर्ण वातावरणमैत्री पहल हो। यस परियोजनाको प्रमुख उद्देश्य वातावरणीय दिगोपनलाई प्रोत्साहन गर्नुका साथै नगर क्षेत्रमा उत्पादन हुने फोहोरलाई जैविक र अजैविक रूपमा छुट्याई प्रशोधन गर्ने दुईतर्फी दृष्टिकोण अपनाएको छ, जसअन्तर्गत जैविक फोहोरलाई कम्पोस्ट मलमा रूपान्तरण गरिन्छ भने अजैविक फोहोरलाई संकलनपश्चात् संपीडन (compression) गरी रिसाइक्लिङ केन्द्रमा पठाइन्छ। यसले ल्यान्डफिलमा जाने फोहोरको मात्रा घटाउनुका साथै पुनः प्रशोधनको प्रोत्साहन, परिपरिवर्तनशील अर्थतन्त्रको (Circular Economy) अभ्यास, र वातावरणीय दिगो विकास लक्ष्यहरूमा योगदान पुऱ्याउने विश्वास गरिएको छ।

## सूचना तथा कार्यक्रमहरु

### १. चन्द्रपुर नगरपालिकाको फोहोर मैला व्यवस्थापन परियोजनाको परिचयात्मक कार्यक्रम

मिति २०८१-०२-२६ गते चन्द्रपुर नगरपालिकाको सभाहलमा चन्द्रपुर नगरपालिकाका नगर प्रमुख श्री संजय कुमार काफ्ले ज्यूको अधक्ष्यतामा चन्द्रपुर नगरपालिकाको फोहोर मैला व्यवस्थापन परियोजनाको परिचयात्मक कार्यक्रम छायाँ नेपालद्वारा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा नगरपालिकाका वडा अध्यक्षहरू, विभिन्न शाखा तथा प्राविधिक शाखाका प्रतिनिधिहरू, र सम्बन्धित कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो। यस कार्यक्रममार्फत परियोजनाको उद्देश्य, कार्ययोजना, र अपेक्षित परिणामहरू प्रस्तुत गरिनुका साथै फोहोर व्यवस्थापनमा सहकार्य र सहभागिताको महत्त्वलाई समेत जोड दिएको छ।

**Photos**









## २. गणकहरूका लागि अभिमुखीकरण तथा तथ्यांक संकलन तालिम


मिति २०८१-०३-०३ गते फोहोर उत्पादनसम्बन्धी तथ्यांक संकलनमा गणकहरूलाई सक्षम र तयारी अवस्थामा ल्याउने उद्देश्यका साथ चन्द्रपुर नगरपालिकामा गणक अभिमुखीकरण तथा तथ्यांक संकलन तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त तालिमको मुख्य उद्देश्य गणकहरूलाई फोहोर उत्पादनसम्बन्धी तथ्यांकहरू सटीक, प्रभावकारी र वैज्ञानिक ढंगले संकलन गर्न आवश्यक ज्ञान, सीप र उपकरणहरू प्रदान गर्नु हो। तालिमको माध्यमबाट २० जना गणकहरूलाई आवश्यक प्राविधिक ज्ञान र अभ्यासमार्फत दक्ष बनाइएको थियो, जसले परियोजनाको सफल कार्यान्वयन र समग्र फोहोर व्यवस्थापन पहलमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# Photos


चन्द्रपुर नगरपालिका फोहोर मैला व्यवस्थापन कार्यक्रम
“गणकहरुलाई अभिमुखिकरण तथा तथ्याङ्क सङ्कलन तालिम”
२०८१ असार ३ गते
चन्द्रपुर नगरपालिकाको सभाहल, चन्द्रपुर नगरपालिका, रौतहट
Supported By:
Implemented By:
Chandrapur Municipality, Rautahat
LAND TIROL
Chay Ya















३. <u>धनगढीस्थित फोहोर वर्गीकरण केन्द्रको अवलोकन भ्रमण</u>

मिति २०८१-०३-०३ गते चन्द्रपुर नगरपालिकाका प्रतिनिधिमण्डलले धनगढीस्थित फोहोर वर्गीकरण केन्द्रको अवलोकन भ्रमण सम्पन्न गरेको थियो। उक्त भ्रमणमा नगर उपप्रमुख, वडा अध्यक्षहरू तथा सदस्यहरू, नगरपालिका कर्मचारी, छायाँ नेपालका प्रतिनिधि, स्थानीय सरोकारवाला तथा समुदायका सदस्यहरूको सहभागिता रहेको थियो। यस भ्रमणले सहभागीहरूलाई फोहोर वर्गीकरणमा प्रयोग हुने प्रविधि र प्रक्रिया सम्बन्धमा प्रत्यक्ष जानकारी प्रदान गर्दै, दिगो फोहोर व्यवस्थापन अभ्यासको आवश्यकता र त्यसले वातावरण संरक्षण तथा प्रदूषण न्यूनीकरणमा पुर्‍याउने योगदानको बारेमा गहिरो बुझाइ दिलाएको थियो। साथै, परियोजनाप्रति शंका रहेको केही स्थानीय सरोकारवालाहरूको दृष्टिकोण परिवर्तन गर्न मद्दत पुग्ने विश्वास लिइएको छ।

**Photos**














धनगढी

+


PRIVATE LIMITED
CLEAN CITY
GREEN CITY


Resources for Waste Management
Vehicles
Human Resource


PRIVATE LIMITED
UNDP




धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
BLOCK A

४. <u>फोहोर व्यवस्थापनसम्बन्धी तथ्यांक साझेदारी सत्र</u>

चन्द्रपुर नगरपालिकाको फोहोर व्यवस्थापन परियोजनालाई अझ प्रभावकारी बनाउने उद्देश्यले नगरपालिकाका कर्मचारीहरूसँग तथ्यांक प्रस्तुतिकरण सत्र सम्पन्न गरिएको छ। कार्यक्रममा फोहोर उत्पादन र प्रवृत्तिसम्बन्धी निष्कर्षहरू ग्राफ, चार्ट र इन्फोग्राफिकमार्फत प्रस्तुत गरियो, जसले सहजरूपमा बुझ्न सहयोग पुर्‍यायो। यस सत्रले फोहोर व्यवस्थापनमा देखिएका प्रमुख समस्याहरू, विशेष गरी फोहोरको अनुचित व्यवस्थापनबाट सिर्जना हुने वातावरणीय र सामाजिक प्रभावहरूबारे सचेतना अभिवृद्धि गरीएको छ।

**Photos**











सुझाव
REDUCE
(घटाउने)
REUSE
(पुनः प्रयोग)
RECYCLE
(रिसाईकल)
चन्द्रपुर फोहोर मैल


Waste Status of Chandrapur Municipality
Date: 2081/08/09
Venue: Chandrapur Municipality
LAND TIROL
Chay Ya
चन्द्रपुर फोहोर मैला व्यवस्थापन कार्यक्रम



५. <u>महिला समूहहरूको गठन</u>

चन्द्रपुर नगरपालिकामा हालसम्म १० वटा महिला समूहहरू सफलतापूर्वक गठन गरिएको छ। यस पहलको उद्देश्य समुदायमा महिलाहरूलाई सशक्त बनाउँदै सरसफाइ तथा स्वच्छता अभियानमा नेतृत्वदायी भूमिका प्रदान गर्नु हो। महिला तथा पुरुष दुवैको सहभागितालाई सुनिश्चित गर्दै, यस अभियानले लैंगिक समानता प्रवर्द्धन गर्नुका साथै समुदायमा सक्रिय सहभागिता र स्वामित्वको भावना विकास गर्न मद्दत गरेको छ। गठन गरिएका समूहहरूले लक्षित वडाहरूमा फोहोर व्यवस्थापन तथा वातावरणीय सरसफाइमा सामूहिक प्रयासमार्फत दिगो र सफा वातावरण निर्माणमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

**Photos**










27/03/2025 13:17